## होमस्टेहरुलाई साँस्कृतिक घर निर्माण, परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यलाई सरल, व्यवस्थित र पारदर्शी बनाउन यस मन्त्रालयले जारी गरेका मापदण्ड, २०७७

क) प्रदेश अन्तर्गत संघीय वा प्रादेशिक कानून बमोजिम दर्ता भई हालसम्म नियमित रुपमा संचालनमा रहेका सामुदायिक होमस्टेहरुको साँस्कृतिक घर निर्माण, परम्परागत बाजा तथा भेषभुषा संरक्षणको लागि सम्बन्धित स्थानीय तहको सिफारिस सहित परियोजना प्रस्ताव पेश गर्न सक्नेछन्।

ख) प्रस्ताव आह्वानको सूचना र प्रस्ताव पेश गर्ने ढाँचा मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

ग) प्राप्त भएका प्रस्तावहरु मूल्याङ्कन गर्दा न्यूनतम चालिस अङ्क ल्याउनुपर्नेछ ।

घ) परियोजनाको स्वीकृति र सम्झौता पश्चात परियोजना संचालनको लागि तोकिएको रकम आवश्यकता अनुसार दुई किस्तामा सम्बन्धित संस्थाको बैंक खातामा उपलब्ध गराइनेछ।

ङ) होमस्टेले सम्झौतामा तोकिएको समय भित्र तोकिएको गुणस्तर सहित कार्य सम्पन्न गर्नु पर्नेछ। कुनै होमस्टेले तोकिएको समय भित्र काम सम्पन्न गर्न नसक्ने भएमा म्याद समाप्त हुनु भन्दा सात दिन अगावै मन्त्रालय समक्ष म्याद थपको निवेदन दिनु पर्नेछ। मन्त्रालयले म्याद थप गर्नुपर्ने कारण मनासिब देखेमा बढीमा एक महिनासम्मको म्याद थप गर्न सक्नेछ।

च) मन्त्रालयले दिने रकम प्रति परियोजना लागत अनुमानको आधारमा बढीमा रु. बीस लाख सम्म दिइनेछ।

छ) साँस्कृतिक घर निर्माण र मर्मतको लागि कूल लागत अनुमानको कम्तिमा बीस प्रतिशत लागत सहभागिता हुनुपर्नेछ र सो भन्दा कम लागत सहभागिता भएको प्रस्ताव स्वीकृत गरिनेछैन। परियोजनाको कूल लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा कम लागत सहभागिताको प्रस्ताव स्वीकृत गरिने छैन।

ज) होमस्टेमा सांस्कृतिक घर नयाँ निर्माण भन्दा मौजुदा घरको मर्मत सम्भारलाई प्राथमिकता दिइनेछ।

झ) साँस्कृतिक घर नयाँ निर्माण गर्नु परेमा जग्गाको स्वामित्व भएको व्यक्ति/निकायको कम्तिमा दश वर्षको लागि सहमति उपलब्ध गराएको पत्र पेश गर्नुपर्नेछ। यसै गरी पुरानो साँस्कृतिक घर मर्मत गर्नुपर्ने भएमा माथि उल्लेख भए बमोजिमको सहमति पत्र पेश गर्नु पर्नेछ।

ञ) नयाँ घर निर्माण गर्दा कम लागत र परम्परागत शैली (मौजुदा होमस्टेसँग मिल्दो जुल्दो) लाई प्राथमिकता दिईनेछ।